## मिति २०७८।०५।२८ गते बसेको ८०औं नगर कार्यपालिका बैठकका निर्णयहरु:

**निर्णय नं. १** गैंडाकोट नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को लागि निर्माण सामाग्री, ज्याला, भाडा महसुलको स्थानीय न्युनतम दररेट स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. २** गैंडाकोट नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका देहाय बमोजिमका ठेक्काको म्याद थप यस नगर पालिकाको सार्वजनिक खरिद नियमावली २०७७ को नियम १२९ को उपनियम ३ बमोजिम आयोजनाहरुको ६ महिना म्याद थप गर्ने निर्णय गरियो।

| क्र.सं. | ठेक्का नं. | कार्यको प्रकार | सम्झौता र सम्पन्न हुने मिति | हालसम्मको प्रगति |
|---|---|---|---|---|
| १ | 01/GM/NCB/2077-78 | दिपज्योति आधारभुत विद्यालयको भवन निर्माण गर्ने। | २०७७।०८।२१ र २०७८।०२।२० | दोस्रो तला ढलान, ९० प्रतिशत भौतिक प्रगति |
| २ | 02/GM/NCB/2077-78 | गैंडाकोट नगरपालिकामा सभाहल निर्माण गर्ने। | २०७७।०८।१८ र २०७८।०२।१७ | ट्रस निर्माण हुदैं, ८० प्रतिशत भौतिक प्रगति |
| ३ | 03/GM/NCB/2077-78 | गडाम्दी खानेपानि आयोजना निर्माण। | २०७७।०८।१४ र २०७८।०२।१३ | खानेपानि टँकी निर्माण हूदैं, ६० प्रतिशत भौतिक प्रगति |
| ४ | 06/GM/NCB/2077-78 | वडा नं २,५ र ११ मा सडक मर्मत, (सडक बोर्ड कार्यक्रम) | २०७७।०२।२५ र २०७८।०३।२५ | सम्झौता भई निर्माणको चरणमा रहेको |

**निर्णय नं. ३** गैंडाकोट नगरपालिका भित्र उपभोक्ताहरुको लागत सहभागीतामा सञ्चालन हुने नयाँ पिच सडकका लागि योजनाहरुमा लाग्ने कुल लागतको न्यूनतम् २० प्रतिशत उपभोक्ताहरुको लागत सहभागीता गर्ने र ६० /४० को लागत सहभागीता भएको योजनाहरु उपभोक्ताबाट ४० प्रतिशत रकम नगरपालिकाको कोषमा जम्मा गरी सकेपछि मात्र योजनाको कार्य अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं.** ४ आ.व.२०७८/०७९ को नीति तथा कार्यक्रममा समावेश भई नवौं नगर सभाबाट समेत पारित भई सकेको नगरपालिकामा कार्यरत कर्मचारीहरुको खाजा सुविधालाई यहि मिति २०७८ साउन १ गते देखि लागू हुने गरी प्रति महिना प्रतिव्यक्ति रु.१,५००/- (अक्षरुपी पन्ध्र सय रुपैया) का दरले नियमानुसार करकट्टी गरी दिने निर्णय गरियो।

**निर्णय नं.** ५ नेपाल सरकारको आ.व. २०७८/०७९ बजेट बक्तव्यमा घोषणा भए अनुसार सामुदायिक विद्यालयमा कार्यरत कर्मचारी र बालविकास सहजकर्ताको पारिश्रमिक सम्बन्धमा नगरपालिकाको तर्फबाट सामूदायिक विद्यालयका बालविकास सहजकर्ताको तथा विद्यालय कर्मचारीको मासिक पारिश्रमिक बढीमा रु.७,०००।- वा रु.७,०००/- भन्दा कम रकमबाट रु. १५,०००/- पुग्ने भए सोही अनुसार थप गरी प्रदान गर्ने निर्णय गरियो।

यामप्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

विष्णु कुमारी कँडेल
नगर उप-प्रमुख

छत्रराज पौडेल
नगर प्रमुख

**निर्णय नं. ६** आ.व. २०७६/०७७ मा स्थानीय तहको संस्थागत स्वमूल्याङकन (LISA) कार्यक्रममा गैंडाकोट नगरपालिकाले कुल ६४.२५ प्रतिशत प्राप्त गरेको नतिजालाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७** गैंडाकोट नगरपालिकाको कृषि विकास शाखाका लागि १ जना पाँचौ तह कृषि प्राविधिक र १ जना चौथो तह प्राविधिक सहायक करारमा राख्न विज्ञापन गर्ने र कार्यालय सहयोगी ज्यालादारीमा व्यवस्थापनका लागि गैंडाकोट नगर कार्यपालिकाको कार्यालयमा १ जना, वडा नं. ५ र ६ को वडा कार्यालयमा १ जना र वडा नं. १३ को वडा कार्यालयका लागि १ जना कार्यालय सहयोगी ज्यालादारी राख्ने गर्ने निर्णय गरियो।

**निर्णय नं. ८** यस गैंडाकोट नगरपालिका क्षेत्रभित्र निर्माण भएका भवन तथा संरचनाहरुको अभिलेखीकरणका लागि निवेदन माग गर्न ३५ दिने सूचना प्रकाशन गर्ने र त्यसरी अभिलेखीकरण हुन छुट भएका भवन तथा संरचनाहरुलाई भवन निर्माण आचारसंहिता-२०७२ बमोजिमको मापदण्ड पुरा गर्ने गराउने पत्र संलग्न गरी अभिलेखीकरण प्रमाण पत्र दिने निर्णय गरियो।

**निर्णय नं. ९** गैंडाकोट स्वास्थ्य चौकीका लागि प्रसुती सेवा लगायत स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवालाई छिटो, छरितो, सहज र पहँचयुक्त रुपमा प्रभावकारी तथा सुलभ बनाउन एउटा एम्बुलेन्स खरिद गर्ने निर्णय गरियो।

**निर्णय नं. १०** राजश्व परामर्श समितिको मिति २०७८ भाद्र २३ गते निर्णय भई नगर कार्यपालिकामा पेश हुन आएका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ११** यस नगरपालिका क्षेत्र भित्र आ.व.२०७७/०७८ मा ३ बर्षका लागि लगाईएको कवाडी करको ठेक्का कवोल अंकको रकम अस्वभाविक रुपमा कम देखिएको र आ.व. २०७७/०७८ को रकममा १० प्रतिशत थप गरी निरन्तरता दिदाँ पनि नगरपालिकाको आन्तरीक राजश्व असुलीमा असर पर्ने देखिएकोले ठेक्का सम्झौता रद्ध गर्ने र नयाँ प्रक्रियाबाट पुनः बोलपत्र आब्हान गर्ने निर्णय गरियो।

**निर्णय नं. १२** गैंडाकोट नगरपालिका वडा नं. १४ भावर क्षेत्रमा निजी क्षेत्रवाट जग्गा मिलानका क्रममा संकलन गरीएका माटो बिक्रि वितरण र त्यसबाट प्राप्त राजश्वको यकिनका विषयमा नगर उपप्रमुख एवं राजश्व परामर्श समितिको संयोजकबाट प्राप्त गुनासोलाई हेरी अध्ययन गरी सोका आधारमा छानविन गरी ७ दिन भित्र नगरकार्यपालिकामा प्रतिवेदन पेश गर्न लागि देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

संयोजकः– थिर बहादुर थनेत (वडा अध्यक्ष वडा नं. १२)
सदस्यः– गोविन्द प्रसाद सुवेदी (वडा अध्यक्ष वडा नं. ११)
सदस्यः–सदस्यः– राम कुमार श्रेष्ठ (वडा अध्यक्ष वडा नं. १५)
सदस्यः– रमेश भट्टचन (नगर कार्यपालिका सदस्य)

**निर्णय नं. १३ "व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७६"** मा देहाय बमोजिम दफा ४ क थप गरी संशोधन गर्ने निर्णय गरियो।

व्यवसाय दर्ता सम्बन्धी विशेष व्यवस्था

यामप्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

विष्णुकुमारी कंडेल
नगर उप-प्रमुख

छत्रराज पौडेल
नगर प्रमुख

क) नगरपालिकाले व्यवसाय दर्ताका सूचना प्रकाशन गरी नगरपालिका भित्र रहेका सबै प्रकारका व्यवसाय दर्ता / नविकरणका लागि नगरपालिकाले "व्यवसाय दर्ता टोली" खटाउन सक्ने छ ।

ख) यसरी व्यवसाय दर्ताका लागि जाने टोलीमा सम्बन्धीत वडाअध्यक्ष सहित वडा समितिका सदस्य अनिवार्य रुपमा उपस्थित भई सहयोग गर्नुपर्ने छ । र सो टोलीमा उद्योग वाणिज्य संघको प्रतिनिधि समेत रहनेछ ।

ग) यसरी खटीई गएको टोली समक्ष तोकिएको ढाँचामा व्यवसायीले निवेदन दिन सक्नेछ र सो निवेदन उपर आवश्यक प्रक्रिया पुरा गरी स्थलगत रुपमा वा ७ दिन भित्र सम्बन्धीत वडा कार्यालयबाट व्यवसाय दर्ता प्रमाणपत्र उपलब्ध गराउन सकिनेछ ।

घ) व्यवसाय दर्ताका लागि आउने टोलीले व्यवसाय रहेका स्थान वरिपरिका कम्तीका ५ जना छिमेकीको हस्ताक्षर गराउनु पर्नेछ ।

ङ) व्यवसाय दर्ताको लागि स्थलगत रुपमा खटिएको टोलीलाई कोही कसैले गाली गलौज गर्ने, असहयोग गर्ने र व्यवसाय दर्ता गर्न अटेर गर्ने जो कोहिलाई पनि नगरपालिकाबाट दिइने सेवा सुविधाबाट वन्चीत गराउन सकिनेछ । यसरी अभद्र व्यवहार गर्ने जो कोहिलाई पनि प्रचलित कानुन अनुसार सार्वजनिक अपराध अन्तर्गत कानुनी कार्वाहीका लागि नगरपालिकाले सिफारिस गर्न सक्नेछ ।

च) व्यवसाय दर्ताको लागि टोलीमा रहने सदस्यहरु

१) प्रशासन सेवाको छैटौं, पाँचौ स्तरको कर्मचारी - संयोजक
२) प्रमुख प्रशासकीय अधिकृतले तोकेको १ जना पाँचौ तहको कर्मचारी – सदस्य
३) सम्बन्धित वडाको वडा सचिव – सदस्य

समितिले आफ्नो टोलीमा आवश्यक पर्ने कर्मचारीहरु आवश्यकता अनुसार समावेश गर्न सक्नेछ । व्यवसाय दर्ता प्रमाणपत्रमा वडा अध्यक्षको हस्ताक्षर हुनेछ । निजको अनुपस्थितिमा टोलीको संयोजकले हस्ताक्षर गर्न सक्नेछ ।

छ) यसरी स्थलगत रुपमा खटिने टोलीलाई प्रोत्साहन स्वरूप भत्ता तथा खाजा खर्च उपलब्ध गराईनेछ ।

धामप्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

बिष्णु कुमारी कँडेल
नगर उप-प्रमुख

छत्रराज पौडेल
नगर प्रमुख